"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

प.स. २०८१/०८२
च.नं. २५५

मिति :- २०८१/०४/३०

श्री सबै वडा कार्यालयहरु,
श्री सबै सरोकारवाला घरधनीहरु ।

**विषय :- घर नक्सा अभिलेखिकरण सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस खाँदबारी नगरपालिका, नगरसभाको मिति २०८१/०३/३० गतेको १६ औं नगरसभाको बैठकको निर्णयानुसार र आर्थिक ऐन २०८१ बमोजिम यस नगरपालिका क्षेत्र भित्र निर्मित भवनहरुको निर्माण सम्बन्धी मापदण्ड र संहिता बमोजिम रहेका तत्काल प्रचलित कानुन वमोजिम नक्सापास नगरी वा पास भएका तर नक्सापासमा स्वीकृति बेगर हेरफेर गरी निर्माण सम्पन्न भएका नयाँ आवसीय घर/ भवन, टहरा, कम्पाउण्ड वाल, गोदाम घर, भवन छाना, (**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ को दफा ४२ वमोजिम अपार्टमेण्ट, हाउजिङ्ग, होटल, व्यवसायिक भवन र अस्पताल सार्वजनिक बाटो, साँध सधियारको जग्गालाई असर गर्ने गरी निर्माण भएका वाहेकको**) र यस खाँदबारी नगरपालिकाको घरनक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि २०८१ को प्रावधान अनुसार मिति २०८१/०४/३१ गते सूचना प्रकाशित मितिले ३५(पैतिस) दिन भित्रमा एक पटकका लागि नियमित अभिलेखिकरण गर्न यस कार्यालयको घर/भवन (घर नक्सापास) तथा पूर्वाधार विकाश शाखामा आवश्यक कागजातहरु पेश गर्न हुन यो सूचाना प्रकाशित गरिएको छ ।
साथै कार्यालयले तोकेको म्याद भित्र निवेदन दर्ता नभएमा अभिलेखिकरण कार्य नहुने बेहोरा समेत यस सूचनाद्धारा नगरवासीहरुलाई जानकारी गराईन्छ । निवेदनका साथ आवश्यक कागजातहरु तपसिलमा उल्लेख गरिएको छ ।

**आवश्यक कागजातहरु चाहिने :-**

१. नक्सापास किताब ।
२. जग्गा धनीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
३. जग्गा धनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. नापी नक्सा ।
५. चालु आ.व.को कर तिरेको रसिदको प्रतिलिपि ।
६. घर नक्सा (संशोधन भए सो को समेत) तिन प्रति घरको नक्सा (Architectural र Structural दुबै)
७. घर नक्साको स्ट्रक्चरल एनालाईसिस रिपोर्ट (कार्यविधिले तोके वमोजिम)
८. सम्बन्धित वडा कार्यालयको चार किल्ला प्रमाणित सिफारिस ।
९. सम्बन्धित वडा कार्यालयको घर नक्सापास सम्बन्धी सिफरिस पत्र ।

(दीपकमणि घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमुख- ३४१, प्रमुख २५४
वेबसाइट: www.khandbarimun.gov.np ईमेल: khandbari.mun@gmail.com